## अनुसूची २ : समुदाय र लक्षित समूहसँगको छलफलको प्रतिवेदन (उदाहरणको लागि बराहताल गाउँपालिका सुर्खेतले तयार पारेको प्रतिवेदन)

**कार्यक्रमको नाम :** गर्भवती महिलाहरूसँगको अन्तरक्रिया
**जिल्ला :** सुर्खेत
**गाउँपालिका र नगरपालिका :** बराहाताल गाउँपालिका
**मितिः २०.२१.२०१९**

**कार्यक्रमको उद्देश्य :** गर्भवती महिलाहरूसँग संस्थागत सुत्केरी गराउन भएका बाधाहरू/सुविधाहरूको बारेमा छलफल गर्न

**सम्पन्न भएको क्रियाकलाप (कार्यक्रम पूरा गर्नको लागि प्रमुख गतिविधिहरू वर्णन गर्नुहोस्) :**
परियोजना/सरोकारवालाबाट गतिविधिको लागि सुझावहरूको विवरणहरू वर्णन गर्नुहोस् ।
परियोजना, स्वास्थ्य शाखा, स्वास्थ्य संस्था प्रमुख, वडाध्यक्षसँग गाउँपालिकाका दुर्गम क्षेत्रहरूमा ३ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । गर्भवती महिलाहरू अन्तरक्रियामा सहभागी हुनुभयो र स्वास्थ्यसंस्थामा सुत्केरी गराउने बारेका आफ्ना अनुभवहरू सुनाउनु भयो । वडाध्यक्ष र स्वास्थ्य संस्था प्रमुखहरूले छलफल सञ्चालन गर्नु भएको थियो ।
प्रक्रियाः
- ☐ वडाध्यक्ष र स्वास्थ्यसंस्था प्रमुखहरूले छलफल गरेर स्वास्थ्यसंस्थामा सुत्केरी नगराउनुका कारणहरूबारे गर्भवती महिलाहरूसँग छलफल गर्नु भएको थियो ।

विस्तृत गतिविधिहरू :
- ☐ पौष ८ मा वडा नं ८ को बुटीमा छलफल कार्यक्रम सञ्चालन गरियो ।
- ☐ पौष १० मा वडा नं. ३ को कुतामा छलफल कार्यक्रम सञ्चालन गरियो ।
- ☐ पौष ११ मा वडा नं. ११ को थारीमा छलफल कार्यक्रम सञ्चालन गरियो ।

**छलफलबाट पत्ता लागेका प्रमुख समस्याहरू**
१. गर्भवती वा सुत्केरी अवस्थाको लागि पैसा बचत गर्ने अभ्यास छैन, आवश्यकता पर्दा पैसा नहुनु
२. घरका पुरुष कामको लागि सदरमुकाम वा इन्डिया गएको कारणले गर्दा गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थामा गएर स्वास्थ्य सुविधा लिन सहयोग उपलब्ध नहुने ।
३. तिनीहरू नियमित स्वास्थ्य जाँचका लागि जाँदैनन् र कहिलेकाहीँ गएको समयमा पनि कर्मचारी उपलब्ध नहुने ।
४. तिनीहरू आमा र बच्चाको तौल लिँदैनन् ।
५ स्वास्थ्य संस्थामा कर्मचारीले नियमित गर्भजाँच र खोपको लागि नियमित गाउँघर क्लिनिक चलाउँदैनन् ।
६. स्वास्थ्य संस्था टाढा छ ।
७. पारिवारिक र सामुदायिक सदस्यहरूले परम्परागत अनुहारहरूमा विश्वास गर्छन् र गर्भधारणको बेला कुनै जटिलता उत्पन्न भएमा मात्रै सेवा खोज्न जान्छन् ।
८ उनीहरूको विश्वासमा अस्पतालमा पेट चिरेर बच्चा निकाल्छन् ।
९ केही महिलाहरूलाई विश्वास छ कि यदि कुनै अविवाहित स्वास्थ्य कार्यकर्ताले गर्भवतीलाई छोएमा समस्या भएको बच्चा जन्मन्छ ।

**आगामी कायैकमः** स्वास्थ्यको लागि सामाजिक व्यबहार कार्यकम तयार गर्दा आएका सूचनाहरु प्रयोग गर्ने ।

फोटोहरू (कृपया फोटो सहमति फाराम प्रयोग गर्नुहोस्)